उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३

चलानी नं. १८६८

---

मितिः– २०८३/०२/२९

ने.स. ११४६, अनालागा १२, शुक्रबार

**विज्ञप्ति**

एम.भि. दुगर ग्रुपद्धारा उमाकुण्ड गाउँपालिका रामेछाप र लिखुपिके गाउँपालिका सोलुखुम्वुको सिमा भई बग्ने लिखु नदिमा निर्माण भएको लिखु १, लिखु २ र लिखु A जलविद्युत आयोजनाबाट प्रभावति उमाकुण्ड गाउँपालिकाको नागरिकहरूको अगुवाईमा आफ्ना मागहरू सहित सुरू भएको आन्दोलन निरन्तर जारी छ ।आयोजनाबाट प्रभावित नागरिकहरुले उठाएको मागहरुको सन्दर्भमा विगतमा गाउँपालिका, आयोजना र प्रभावित नागरिकहरुको प्रतिनिधिहरु समेतको वार्ता र छलफलबाट कतिपय सहमति कायम भएता पनि त्यस्ता सहमति कार्यान्वयनमा आयोजनाले तदारुकता नदेखाउँदा समय समयमा समस्या सृजना भईरहेको छ ।साथै गाउँपालिकाले पटक पटक पत्रचार गरि स्थानीय प्रभावित नागरिकहरुलाई वितरण गर्ने प्रथामिक शेयर, परियोजनाको सञ्चालन बाट पर्ने वातावरणिय असर र त्यसको न्यूनिकरणमा परियोजनाले सञ्चालन गरेको क्रियाकलाप, सामाजिक उत्तरदायित्व वापतको बजेट र खर्च विवरण लगाएतको विवरण माग गर्दा समेत सोको विवरण प्राप्त हुन नसक्दा प्रभावित स्थानीय नागरिकहरूले उठाएको कतिपय विषयमा समेत गाउँपालिका नाजवाफ हुन परेको स्थिति छ । उमाकुण्ड गाउँपालिकामा उपर्युक्त बाहेक अन्य थुप्रै जलविद्युत आयोजनाहरू सञ्चालनमा रहेका छन् त्यस्ता आयोजनाले नियमानुसार स्थानीय प्रभावित नागरिकहरूलाई नियमानुसार वितरण गर्ने शेयरबाट समेत नागरिकहरुको जीवनस्तरमा सुधार हुन सक्ने अपेक्षा गरिएतापनि आयोजनाहरुले स्थानीय प्रभावित नागरिकहरूको हित र मर्म विपरित शेयर वितरणमा बिलम्व गर्ने तथा प्रिमियममा वितरण गर्ने जस्ता कामहरू गरिरहेको समाचार समेत सार्वजनिक भइरहेको छ ।यि र यस्तै कारण आफ्ना माग राखि आन्दोलित स्थानीय प्रभावित नागरिकहरुसँग तत्काल सम्वाद गरि निजहरूले राखेको मागहरुको सम्वोधन गर्न उमाकुण्ड गाउँपालिका सम्वन्धित पक्षसँग हार्दिक अनुरोध गर्दछ । साथै सञ्चालनमा रहेका अन्य आयोजनाहरुले समेत भविष्यमा हुन सक्ने यस किसिमको आन्दोलन तथा बिरोधको कार्यक्रमको पूर्वानुमान गरि प्रभावित क्षेत्रमा गर्नुपर्ने काम र प्रभावित नागरिकहरु प्रतिको दायित्व समयमानै पुरा गर्न समेत उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सबै आयोजनाहरुलाई सचेत सहित अनुरोध गर्दछ ।

..............................

शेर बहादुर सुनुवार

गाउँपालिका अध्यक्ष

शेर बहादुर सुनुवार
गाउँपालिका अध्यक्ष

---



Email:-ito.umakundamun@gmail.com,web:-www.umakundamun.gov.np